# सानिमा हाइड्रोपावर लिमिटेड

का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाडौं
फोन नं. ४३७३०३०, ४३७२८२८
Email: sanima@sanimahydro.com Website: www.sanimahydro.com.np

## दशौं वार्षिक साधारणसभासम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस सानिमा हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८० आश्विन ९ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८० कार्तिक २ गते बिहीबार (१९ अक्टोबर, २०२३) ।

समय : अपरान्ह ४:०० बजे

स्थान : कम्पनीको कार्यालय, का.म.न.पा.-४, धुम्बाराही, काठमाडौं ।

**छलफलका प्रस्तावहरू**

**(क) साधारण प्रस्तावहरू**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल तथा निर्णय पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०८० साल आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरूसमेत छलफल गरी पारित गर्ने ।

३. आ. व. २०८०/०८१ का लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।

४. एक जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने ।

५. सञ्चालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) र नियम ३१ को उपनियम (१) संशोधन गर्ने ।

२. कम्पनीको नियमावलीको नियम संशोधनको अभिलेख गर्न, गराउन आवश्यक कागजात संलग्न राखी सम्बन्धित नियामक निकायमा निवेदन गर्ने र नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. चन्दा, अनुदानबापत्को खर्च रकम अनुमोदन गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**